
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २०५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन २२ गते सोमबार ❑ 7 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## ललिता निवास जग्गा प्रकरणमा निर्णयकर्तालाई अनुसन्धानको दायरामा ल्याउन सर्वोच्चको आदेश

**रासस**
काठमाडौं, २१ साउन

सर्वोच्च अदालतले ललिता निवास जग्गा प्रकरणमा तत्कालीन मलित्रपरिषद्बाट निर्णय गर्ने र निर्णय प्रमाणित गरी कार्यान्वयन तहमा प्रत्यक्षरुपमा संलग्न हुनेहरूमाथि अनुसन्धान गर्न आदेश दिएको छ।

न्यायाधीशद्धय अनिलकुमार सिन्हा र डा कुमार चुडालको संयुक्त इजलासले आइतबार उक्त आदेश गरेको हो । तत्कालीन समायमा सरकारको नेतृत्व गर्नुभएका पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा बाबुराम भट्टराईले मन्त्रिपरिषद्को बैठकबाट उक्त जग्गासम्बन्धी विषयमा निर्णय गराउनुभएको थियो।

आदेशमा भनिएको छ, 'मिति २०६६/१२/२९ र मिति २०६७/१/३१,२०६७/४/२८ तथा मिति २०६९/६/१८ को नेपाल सरकारको मन्त्रिपरिषद्को निर्णय तथा निर्णय प्रमाणित गरी कार्यान्वयन तहमा प्रत्यक्षरुपमा संलग्न हुने, मन्त्रालयस्तरमा सो निर्णय गर्न किटानी प्रस्ताव पेश गर्ने वा प्रस्तावमा संलग्न माथिल्लो तहको पदाधिकारी वा अधिकारीको पदसोपान (अनुसन्धानकर्ताको सवाल बमोजिमको 'पिरामिड' को माथिल्लो तह) बाट गरी अब उप्रान्तको थप अनुसन्धान कार्य अविलम्ब सम्पन्न गर्नु/गराउनु।'

नेपाल सरकारको जग्गा व्यलितका नाममा गएको र त्यस्ता निर्णयाधिकारी अनुसन्धानको दायरामा नभई लगाएको काम गर्ने स्तरका कर्मचारी एवं सम्पलित लगानी गरी जग्गा खरिद गर्ने समेततर्फ अनुसन्धान बढी केलिद्रत भएको अवस्था देखिँदा न्याय प्रणालीप्रतिको आम विश्वासको जोखिमतालाई मध्यनजर गर्दै प्रस्तुत सङ्गठित अपराधका विषयमाथि उक्त प्रकरण जोडिएको आदेशमा उल्लेख छ । उक्त प्रकरणमा जोडिएका योगराज न्यौपानेले दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनको सुनुवाइमाथि उक्त आदेश आएको हो । ललिता निवासको जग्गा प्रकरणमा अब पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा बाबुराम भट्टराईमाथि पनि अनुसन्धान गर्ने बाटो खुलेको छ। तत्कालीन प्रधानमन्त्री नेपाल नेतृत्वको मलिन्त्रपरिषद्को बैठकले प्रधानमन्त्री निवास विस्तार गर्ने उल्लेख गर्दै नक्कली मोहीलाई सरकारी जग्गा सट्टा भर्ना दिएको थियो । त्यस्तै भट्टराई नेतृत्वको मलिन्त्रपरिषद बैठकले अस्तित्वमै नरहेको पशुपति टिकिन्छा गुठीका नाममा ललिता निवासको जग्गा दर्ता गर्न सैद्धालितक स्वीकृति दिएको थियो।

## केन्द्रिकृत मानसिकता प्रमुख समस्या : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २१ साउन




गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घीयताको कार्यान्वयनमा केन्द्रिकृत मानसिकता नै प्रमुख समस्याका रुपमा देखिएको बताउनुभएको छ।

जिल्ला समन्वय समिति कास्कीद्वारा आइतबार पदस्थापना दिवसका सन्दर्भमा आयोजित 'जिल्ला समन्वय समितिको भूमिका' विषयक वैचारिक अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै उहाँले संविधानतः प्राप्त अधिकार उपयोग हुन नसक्दा समस्या बढेको बताउनुभयो । संविधानले व्यवस्था गरेका अधिकार सङ्घबाट बन्नुपर्ने सम्बन्धित ऐन नबनेका कारण उपयोग हुन नसकेको जनाउँदै उहाँले जसका कारण समन्वय समितिका साथै प्रदेश सरकारको औचित्य तथा भूमिकामाथि प्रश्न उठ्न थालेको बताउनुभयो । जिल्ला समन्वय समितिको प्रमुख भूमिका समन्वय र अनुगमन भएको उल्लेख गर्दै उहाँले उक्त भूमिकालाई पूरा गर्न साधनस्रोत र अधिकार जरुरी रहेको उल्लेख गर्नुभयो। गण्डकी प्रदेशमा ६२ कानुन बनिसकेका र ४० बन्न बाँकी रहेको उहाँले बताउनुभयो। प्रदेशका पूर्वमुख्यमन्त्री एवं प्रतिपक्षी दलका नेता खगराज अधिकारीले जिल्ला समन्वय समितिको भूमिकालाई बलियो बनाउन कानुनी प्रबन्धलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो। साधनस्रोतको कमीका साथै आफ्नै साधनस्रोत बनिनसकेको अवस्था रहेको उहाँको भनाइ छ। समन्वय समितिको काम न्याय दिनु पनि भएको उल्लेख गर्दै उहाँले यो सकेसम्म विवादमा पर्नु नहुनेमा जोड दिनुभयो । जिल्ला समन्वय समितिका प्रमुख लीलाधर पौडेलले जिल्ला समन्वय समितिको भूमिकालाई बलियो बनाउनका लागि अधिकारको सुनिश्चिततासँगै

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखराका किसानलाई पौने दुई करोड प्रोत्साहन रकम

**पोखरापत्र संवाददाता**
पोखरा, २१ साउन

'एक वडा, एक पकेट' कार्यक्रमअन्तर्गत पोखरा महानगरपालिकाका किसानले रु एक करोड ८१ लाख प्रोत्साहन रकम बुझेका छन् । अन्न, तरकारी, फलफूललगायत कृषिजन्य उत्पादनमा लागेका २० वडाका झन्डै पाँच हजार किसानलाई प्रोत्साहन रकम वितरण गरिएको महानगरको कृषि महाशाखाले जनाएको छ।

महानगरले गत आर्थिक वर्षको स्वीकृत कार्यक्रमअनुसार तरकारी खेती विस्तार, मौरीपालन, आलु, उवा, सुन्तला, उखु र चैते धान खेती गर्ने किसानलाई प्रोत्साहन रकम प्रदान गरेको हो । महाशाखा प्रमुख मनोहर कडरियाका अनुसार वडा नं ५, १८, १३, १४, २२, २३, २४, २५, ३१ र ३३ वडामा तरकारी, १६, २०, २८ र ३० मा मौरी, १५ र २७ मा आलु, २६ मा चैते धान, १९ मा उवा, २१ मा सुन्तला र ३२ मा उखु खेतीको पकेट क्षेत्र तोकिएको छ। व्यावसायिक कृषिको क्षेत्र विस्तार र उत्पादनमा आधारित रहेर किसानलाई प्रोत्साहन रकम वितरण गरिएको महाशाखा प्रमुख कडरियाले बताउनुभयो। 'अधिकांश वडामा रु १२ लाख हाराहारीको बजेट प्रोत्साहन रकममा खर्च भएको छ', उहाँले भन्नुभयो, 'कृषिमा आकर्षण बढाउन र वडालाई कृषि पकेटका रुपमा विकास गर्न महानगरले यो कार्यक्रम सञ्चालन गरेको हो।'

वडा नं १९ मा रैथाने बाली प्रवर्द्धनअन्तर्गत उवा खेती गर्ने किसानलाई रु पाँच लाख प्रदान गरिएको महाशाखाले जनाएको छ। सो वडामा झन्डै एक हजार रोपनी क्षेत्रफलमा उवा खेती गरिँदै आएको छ। वडा नं २१ मा सुन्तला बगैँचा व्यवस्थापन कार्यक्रमअन्तर्गत दुई सय ४६ जना किसानलाई प्रतिबोट रु एक सयका दरले रु २५ लाख ५० हजार वितरण गरिएको थियो । त्यहाँ २५ हजार पाँच सय बोटमा सुन्तला उत्पादन हुँदै आएको छ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## आँखा परीक्षण गराउने बढे

**पोखरापत्र संवाददाता**
पोखरा, २१ साउन




गण्डकी प्रदेशको राजधानी पोखरामा केही दिनयता आँखा पाक्ने रोगको सङ्क्रमणका कारण परीक्षण गराउनेको सङ्ख्या बढेको छ।

हिमालय आँखा अस्पताल घारिपाटनमा आँखा परीक्षण गर्न आउने बिरामीको सङ्ख्या ह्वात्तै बढेको छ । विगतको तुलनामा यसवर्ष आँखा पाक्ने समस्या बढी देखिएको अस्पतालका स्वास्थ्य निर्देशक डा इलिया श्रेष्ठले जानकारी दिनुभयो। "अस्पतालमा आँखाका बिरामीको चाप दिनप्रतिदिन बढ्दै गएको छ", उहाँले भन्नुभयो, "दैनिक झण्डै एक सय जनामा आँखा पाक्ने रोग देखिएको छ।"

आँखा रातो हुने, आँशु आउने, बिजाउने, चिप्रा लाग्नेलगायत समस्या देखिएको छ। आँखाको दुवै परेलासमेत सुन्निने गरेको पाइएको छ। आँखा परीक्षण गरेर चिकित्सकको सल्लाह अनुसार औषधिको प्रयोग गर्न डा श्रेष्ठले सुझाव दिनुभयो । "रोगको सङ्क्रमण देखिए जथाभावि औषधिको प्रयोग र आँखा मिच्न हुँदैन", उहाँले भन्नुभयो । आँखा पाक्दैमा आत्तिनु नहुने र एक हप्तामा सञ्चो हुने डा श्रेष्ठ बताउनुहुन्छ । सङ्क्रमण भएका बिरामीले प्रयोग गरेका रुमाल, कपडा, मोबाइल, चश्मा, औषधिलगायत सामग्री साटासाट गर्दा रोग तीव्ररुपमा फैलिने उहाँको भनाइ छ। राम्रोसँग साबुन पानीले हात धुन उहाँले सुझाव दिनुभयो।

## एकै थलोमा अग्रज र अनुज कलाकार

**रासस**
कास्की, २१ साउन



पोखराको विन्ध्यवासिनी मन्दिर परिसरमा व्यङ्ग्य चित्रकार दुर्गा बराल 'वात्स्यायन' क्यानभासमा चित्र कोर्दै गरेको भेटिनुभयो । उहाँसँगै अन्य कलाकार पनि त्यहीँ हुनुहुन्थ्यो । शनिबार उहाँहरू सबैले विन्ध्यवासिनीबाट देखिएको दृश्य क्यानभासमा उतार्दै गरेको देखिन्थ्यो । वात्स्यायनको अनुभव र उहाँको कलासँग अग्रज र अनुज कलाकार भलाकुसारी गरिरहेको भेटिन्थ्यो।

अग्रज र अनुज कलाकारलाई एकै थलोमा भेट गराउने चाँजोपाँजो पोखरेली युवा सांस्कृतिक परिवारले मिलाएको थियो। अनुभवी र सिक्दै गरेका कलाकारलाई समेट्दै पोखरेली युवा सांस्कृतिक परिवार ६१औँ शृङ्खलाको 'समता कला कार्यशाला' गरिरहेको थियो । बिहान १०:३० बजे निर्धारित समयमै कार्यक्रम सुरु भयो। उपस्थित कलाकार क्यानभास, स्ट्यान्ड, रङ, पानी, पेन्सिल, ब्रस चलाउनमै व्यस्त थिए। पानी रङमा खेल्नेहरूले पेन्सिलको डोबमाथि रङ लगाउँदै थिए। एक्रेलिक चित्र कोर्ने पनि व्यस्त रहे। करिब दुई घन्टाको अन्तरालमा सबैले सुन्दर चित्र तयार गरे । अनि विन्ध्यवासिनीमा पुगेका भक्तजन र दर्शकका लागि प्रदर्शन गरियो । अग्रज र अनुजको एकैथलोमा बसेर चित्र कोर्दा कोही सानो-ठूलो त थिएनन् । तर अनुभवीसँग रहँदा अनुजलाई राम्रै फाइदा भयो। वात्स्यायनसँगै अग्रज कलाकार बुद्धि गुरुङ, मनोज तामाङ, रिक गुरुङ, थम्मनसिंह सुनार, दलबहादुर गुरुङ, एलिता गुरुङ, निशान थापालगायत दुई दर्जन कलाकार लकडाउनपछि भौतिकरूपमै सहभागी भएर चित्र कोरेकाले सबै खुसी थिए।

समता कला कार्यशालाले यसरी अग्रज र अनुजलाई एउटै थलोमा काम गर्ने अवसर दिँदा नयाँ कलाकारले आफूलाई चम्काउने अवसर पाएको कलाकार निशान थापाले बताउनुभयो। "हामीलाई सबै कुरा थाहा हुँदैन । अग्रजसँगै काम गर्दा उहाँहरूको अनुभव र टेक्निकले नयाँ कुरा सिर्जना गराउन सघाउँछ", उहाँले भन्नुभयो, "पोखरेली युवा सांस्कृतिक परिवारले जस्तै अरु संस्थाले पनि यसरी अग्रज र अनुज एकै ठाउँमा चित्र कोर्ने वातावरण मिलाउनुपर्छ।"

वरिष्ठ कलाकार वात्स्यायानले समता कला पाठशालाले पोखरामा छरिएर रहेका कलाकारलाई एकै ठाउँमा ल्याउने काम गरेको बताउनुभयो । सुरुमा ग्रामीण भेगमा गएर त्यहाँको प्रकृति, संस्कृति र भूगोल चित्रमा उतार्ने काम गरिएकाले पोखरालाई पानीरङको पाठशालाका रूपमा चिनाएको उहाँले सम्झिनुभयो । उहाँले भन्नुभयो, "पोखरा पानी रङको सहरमा त चिनियो नै गाउँ-गाउँमा गएर त्यहाँको प्रकृति, संस्कृति र भूगोल चित्रमा उतार्दा कलाकारको आर्यआर्जनको बाटो पनि खुल्यो ।" पछिल्लो समय पानीरङ छाडेर एक्रेलिकतर्फ कलाकार र ग्राहक आकर्षित भएकाले पानी रङको महत्व बुझाउनुपर्ने वात्स्यायानको सुझाव थियो । "पछिल्लो समय पानीरङ छाडेर एक्रेलिकतर्फ कलाकार र ग्राहक आकर्षित छन्। एक्रेलिकमा पनि जान पाइयो तर पानीरङलाई मर्न दिनु भएन", उहाँले भन्नुभयो, "एक्रेलिक राम्रो भन्ने ग्राहकको मानसिकता हटाउन कलाकार नै लाग्नुपर्छ। यस का लागि राम्रो कागज र रङ प्रयोग गर्नुपर्‍यो।" कलाकारले नयाँ-नयाँ तरिका सिक्नुपर्ने जनाउँदै उहाँले पोखरेली चित्रकलालाई अझै सुधार्दै जानुपर्ने उहाँले बताउनुभयो।

कलाकार बुद्धि गुरुङले २०४२ सालदेखि पोखरेली कलाकार गाउँघरको भ्रमण गर्दै कला सिर्जनामा निरन्तर लागेको बताउनुभयो । उहाँले भन्नुभयो, "लामो समयदेखि समता कला कार्यशालाले अग्रज र अनुज दुवैलाई एउटै थलोमा काम गर्ने अवसर दिँदा नयाँ कलाकारले आफूलाई निखार्ने अवसर पाएका छन् ।" पोखरेली युवा सांस्कृतिक परिवारका सल्लाहकार कवि तीर्थ श्रेष्ठले कलाको विकासका लागि अरुको भर परेर होइन, आफ्नै हातलाई क्रियाशील र सिर्जनशील बनाउनुपर्ने बताउनुभयो । उहाँले कला कार्यशालामा कोरिएका चित्र प्रदर्शनीमा रुपान्तरण गरेर आम मानिससमक्ष पुर्‍याउन आग्रह गर्नुभयो।

पोखरेली युवा सांस्कृतिक परिवार प्रत्येक तीन महिनाको तेस्रो शनिबार समता कला कार्यशाला सञ्चालन गर्दै आएको संस्थाका अध्यक्ष उपेन्द्र पौडेलले बताउनुभयो। उहाँले आगामी दिनमा अझ चुस्तदुरुस्त र व्यवस्थित कला कार्यशाला आयोजना गरिने जानकारी दिनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# प्रेस चौतारी नेपाल गण्डकीको साधारणसभामा सातबुँदे पोखरा घोषणापत्र जारी

पोखरापत्र संवाददाता
पोखरा, २१ साउन

प्रेस चौतारी नेपाल गण्डकी प्रदेश समितिको प्रथम साधारणसभा सातबुँदे पोखरा घोषणापत्र जारी गर्दै आइतबार सम्पन्न भएको छ।

प्रदेश समिति अध्यक्ष इन्द्रप्रसाद पौडेलको अध्यक्षतामा सम्पन्न साधारणसभाले पत्रकार महासंघ सदस्यता शुद्धीकरण अभियान नाममा महासंघ गण्डकीले प्रेस चौतारी नेपालमा आबद्ध क्रियाशील पत्रकारलाई छानीछानी सदस्यता खारेज गरेकोप्रति आपत्ति जनाएको छ। साथै उक्त निर्णय तत्काल सच्याउन माग गर्दै महासंघ प्रदेश समितिमा लगाएको तालाबन्दी कायम राखी अझ कठोर संघर्षका कार्यक्रम घोषणा गर्ने चेतावनी दिएको छ।

यसैगरी, गण्डकी प्रदेश सरकारले प्रस्ताव गरेको आमसञ्चार विधेयकलाई मिडियामैत्री बनाएर यथाशीघ्र पारित गर्न माग गरेको छ भने संस्थापक मुख्यमन्त्री पृथ्वीसुव्वा गुरुङ नेतृत्वको सरकारले सुरुवात गरेको सञ्चारमाध्यमको लागि लोककल्याणकारी विज्ञापन वर्तमान सरकारबाट विज्ञापनको रकम घटाउने तथा वितरण प्रक्रियामा विभेद गर्ने जस्ता परिदृष्य देखिएकाले यस्तो कार्य तत्काल रोक्न र सबै सञ्चारमाध्यमले समान हिसाबले लोककल्याणकारी विज्ञापन र सोवापतको रकम पाउने व्यवस्था गर्न माग गरेको छ। अनेक बहानामा श्रमजीवी पत्रकारलाई सञ्चारमाध्यमबाट निष्काशन गर्ने, काम छोड्न बाध्य पार्ने र समयमा




पारिश्रमिक उपलब्ध नगराउने जस्ता गतिविधि भैरहेको हुँदा यस्ता गतिविधि तत्काल रोक्न र श्रमजीवी पत्रकारलाई पेशागत सुरक्षाको ग्यारेन्टीको माग गर्दै समयमै न्युनतम पारिश्रमिक उपलब्ध गराउन माग गरिएको छ। पोखरासहित प्रदेशका सम्पूर्ण पर्यटकीय गन्तव्यको पहिचान, प्रचारप्रसार, प्रवर्द्धन, पूर्वाधारको विकास र आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमन बढाउन आवश्यक नीति, बजेट र कार्यक्रम बनाएर लागू गर्न प्रदेश सरकार र सम्बन्धित सरोकारवाला निकायसमक्ष माग गरिएको छ। यसअघि साधारणसभाको उद्घाटन समारोहका अधिकांश वक्ताले अहिलेको सरकार नागरिकको हितमा नभएको र पत्रकार महासंघ सरकारको छाया संस्थाको रुपमा विकास हुँदै गरेको भन्दै कडा टिप्पणी गरे।

कार्यक्रम उद्घाटन गर्दै प्रमुख अतिथि प्रेस चौतारी नेपालका केन्द्रीय अध्यक्ष गणेश बस्नेतले चौतारीका सदस्यहरुलाई छानीछानी महासंघले हटाएको भन्दै उक्त निर्णयको चर्को विरोध गरे। शुद्धीकरण अभियान प्रेस चौतारीले सुरुआत गरेको स्मरण गर्दै उनले यदि चौतारीलाई घेराबन्दी पारिए महासंघका देशभरका शाखा तथा एसोसियट शाखामा तालाबन्दी गरिने चेतावनी दिए।

एमाले स्थायी कमिटी सदस्य एवं प्रचार तथा प्रकाशन विभाग प्रमुख तथा प्रेस चौतारीका इन्चार्ज राजेन्द्र गौतमले अहिलेको सरकार जनताको हितमा नरहेको भनी टिप्पणी गरे। चौतर्फी घेराबन्दीबीच पनि प्रेस चौतारी सशक्त बन्नुपर्ने सुझाव दिए। एमाले स्थायी कमिटी सदस्य एवं गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीले अहिलेको गण्डकी सरकारले आफूहरुले सुरुआत गरेको कामलाई नै मुख्य उपलब्धि हो भनी सार्वजनिक गर्नु हाँस्यास्पद भएको टिप्पणी गरे।

एमाले केन्द्रीय सदस्य एवं जनवर्गीय संगठन समन्वय संयन्त्र गण्डकी संयोजक डा. सूर्य पाठकले मानवअधिकार र प्रेस स्वतन्त्रताको रक्षामा काम गरोस् भनी चौतारीलाई शुभकामना दिए। एमाले केन्द्रीय प्रचार तथा प्रकाशन विभाग सचिव गगन बिस्टले यो सरकार तस्करी गर्नेहरूको लागि हो भन्दै उसको कार्य जनविरोधी भएको आरोप लगाए। एमाले केन्द्रीय सदस्य एवं गण्डकी प्रचार संयोजक राजीव पहारीले प्रेस चौतारीका आगामी कार्यक्रममा सक्दो सहयोग गर्ने वचन थिए। नेकपा एमाले गण्डकी प्रदेश कमिटी उपाध्यक्ष एवं जनवर्गीय संगठन प्रमुख मोहन रेग्मीले एमाले विरूद्ध चौतर्फी घेराबन्दी भइरहेको भन्दै यो भ्रम चिर्न पत्रकारहरूको भूमिका महत्वपूर्ण हुने बताए। एमाले गण्डकी प्रदेश कमिटी उपसचिव एवं प्रचार विभाग प्रमुख रश्मि आचार्यले प्रेस चौतारीले विगतमा हरेक क्षेत्रमा लिड गर्दै आएकोमा अब पनि गर्दै जाने शुभेच्छा व्यक्त गरे।

चौतारीका केन्द्रीय सचिव एवं गण्डकी प्रदेश इन्चार्ज सुष्मा पौडेलले महासंघको शुद्धीकरणमा भएको विभेदको चर्को विरोध गरिन्। उनले प्रेस चौतारीलाई बलियो बनाउन सबै जना मिलेर जानुपर्ने बताइन्। बन्दसत्रमा गण्डकीका मनाङबाहेक सबै जिल्लाका अध्यक्षले शाखाको प्रगति प्रस्तुत गरेका थिए। प्रेस चौतारी गण्डकी महासचिव आश गुरुङले सांगठानिक प्रतिवेदन र कोषाध्यक्ष भविश्वर पाण्डेले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन छलफलसहित सर्वसम्मत पारित भएको थियो। प्रेस चौतारी नेपाल गण्डकी प्रदेश समिति अध्यक्ष इन्द्रप्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत प्रेस चौतारी नेपाल केन्द्रीय समिति सचिव एवं गण्डकी प्रदेश इन्चार्ज सुष्मा पौडेल र सञ्चालन महासचिव आश गुरुङले गरेका थिए। सो अवसरमा एमाले केन्द्रीय प्रचार विभाग सदस्यमा चयन गणेश पाण्डे र रामकृष्ण ज्ञवालीलाई सम्मान गरिएको थियो।

## पोखरा...

चैत धान र व्यावसायिक तरकारी खेती गर्ने २६ र २७ वडाका चार सय १६ किसानले प्रोत्साहन रकम पाएको वडास्तरीय कृषि सञ्जालका अध्यक्ष केशव ढुङ्गानाले जानकारी दिनुभयो। वडा नं २६ मा चैते धान खेती गर्ने दुई सय ९५ किसानलाई रु आठ लाख ३८ हजार नौ सय ६८ र व्यावसायिक तरकारी खेती गर्ने चार किसानलाई रु तीन लाख ३२ हजार एक सय ५० प्रदान गरिएको हो।

वडा नं २७ मा चैते धान लगाउने एक सय दुईजना किसानले रु तीन लाख ४८ हजार एक सय ५० र तरकारी खेतीमा लागेका १५ किसानले रु तीन लाख ७८ हजार छ सय १३ बुझेका हुन। चैते धान खेती गर्ने किसानलाई प्रति रोपनी रु नौ सयका दरले प्रोत्साहन रकम दीएको हो। तरकारीतर्फ प्लास्टिक घर (टनेल)मा खेती गर्नेलाई प्रतिवर्गमिटर एक सय ३० र तरकारीको क्षेत्र विस्तार गर्नेलाई प्रतिरोपनी रु दुई हजारका दरले प्रदान गरिएको अध्यक्ष ढुङ्गानाले बताउनुभयो।

किसानप्रोत्साहनकार्यक्रमले चैते धान, उवालगायत रैथाने बालीको संरक्षणमा टेवा पुग्ने विश्वास लीएको महाशाखा प्रमुख कडरियाले बताउनुभयो। 'उत्पादनमा आधारित प्रोत्साहन रकम दिन थालेपछि वास्तविक किसानलाई लाभ मिलेको छ, कृषियन्त्र, उपकरणमा कतिपय किसानलाई अनुदान पनि उपलब्ध गराएका छौं', उहाँले भन्नुभयो। वडा नं १६, २०, २८ र ३० मौरीपालक किसानलाई मौरीसहितको घार ५० प्रतिशत अनुदानमा प्रदान गरिएको थियो। पोखरा-२६ मा व्यावसायिक तरकारी खेती गर्दै आउनुभएका बागलुङका कर्ण पुनले महानगरले दिएको प्रोत्साहन रकमले आफूलाई हौसला मिलेको बताउनुभयो। उहाँले रु एक लाख ५१ हजार प्रोत्साहन रकम प्राप्त गर्नुभएको थियो। पुनले १७ रोपनी क्षेत्रफलमा तरकारी खेती गर्दै आउनुभएको छ।

## केन्द्रिकृत...

साधनस्रोतको व्यवस्थापन आवश्यक भएको बताउनुभयो। जिल्ला समन्वय अधिकारी नवराज बरालले सरकारले जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार स्पष्ट हुनेगरी कार्यविधि नबनाइदिँदा समितिले प्रभावकारी रुपमा काम गर्न नसकेको बताउनुभयो। जिल्ला सभाको कोष खडा हुन नसकेको, सीमित साधनस्रोत आदि समस्याका रुपमा रहेको उहाँले बताउनुभयो।

कार्यक्रममा गण्डकी प्रदेश अन्तर्गतका विभिन्न जिल्ला समन्वय समितिका प्रमुख तथा प्रतिनिधिले प्राप्त अधिकारको कार्यान्वयन, सीमित साधनस्रोत आदिका कारण भूमिका प्रभावकारी बनाउन नसकिएको धारणा राख्नुभएको थियो।

# बाँझापाटन तमु समाजको ५१ औं वार्षिक साधारणसभा

पोखरापत्र संवाददाता
पोखरा, २१ साउन

पोखरा महानगरपालिका वडा नं.१३ स्थित बाँझापाटन तमु समाजको ५१ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

साधारणसभाको प्रमुख अतिथि पोखरा महानगरपालिका १३ नं. वडाध्यक्ष किरण बरालले उद्घाटन गर्नुहुदै बाँझापाटन तमु समाजका लागि गत वर्ष बजेट उपलब्ध गर्न नसके पनि यसवर्ष सक्दो बजेट प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। बाँझापटन क्षेत्रको विकास, सामाजिक सद्भाव, सांस्कृतिक संरक्षणका लागि बाँझापाटन तमु समाजको भुमिकाको प्रसंशा व्यक्त गर्नुहुदै व्यवस्थित र विकशित वडा बनाउन सबैको साथ सहयोगको अपेक्षा गर्नुभयो।

कार्यक्रममा विशेष अतिथि तमु धिं नेपालका अध्यक्ष हुमबहादुर गुरुङले सबैभन्दा पुरानो समाज बाँझापाटन तमु समाज हरेक क्षेत्रमा अग्रणी भुमिका रहेको भन्दै प्रशंसा गर्नुभयो। उहाँले विश्व आदिवासी दिवसका दिन साउन २४ गते तमु धिं नेपालले भाषिक अधिकारका सवालमा आयोजित कार्यक्रम र तमुहरु ऐतिहासिक साँस्कृतिक पर्व ट्होटेंका बारेमा विशेष सहभागी हुन आग्रह गर्नुहुदै तमुहरुको एकता र आगामी दिनमा थप क्रियाशिल रहनुपर्नेमा जोड दिनुभएको थियो। सल्लाहकार एवम पूर्व अध्यक्ष सुवेदार मेजर चेतबहादुर गुरुङ, मिलिजुली विजयपुर तमु समाजका अध्यक्ष इन्पेक्टर मानकाजी गुरुङ, बाँझापाटन तमु समाज आमा समितिका सचिव पुर्णकुमारी गुरुङले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। साधारणसभामा समाजका सचिव कुलप्रसाद गुरुङले प्रस्तुत गर्नुभएको वार्षिक प्रतिवेदन र कोषाध्यक्ष भिमसिंह गुरुङले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदन पारित गरिएको थियो। यसरी नै कार्यक्रममा समाजका ८० वर्ष भन्दा माथिका जेष्ठ सदस्यहरु र उच्च शिक्षा हासिल गरेका समाजका विद्यार्थीहरुलाई सम्मान गरिएको थियो भने समाजका कलाकारहरु विविध साँस्कृतिक प्रस्तुति गरेर मनोरञ्जन दिलाएका थिए।

समाजका अध्यक्ष नासु कृष्णबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष सुवेदार इन्द्रबहादुर गुरुङले स्वागत र सचिव कुलप्रसाद गुरुङले कार्यक्रम संचालन गर्नुभएको थियो।

# लायन्स क्लब अफ पोखरा ब्युटि सिटिको अवार्ड वितरण कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २१ साउन

लायन्स क्लब अफ पोखरा ब्युटि सिटिले वर्ष २०२२ /२३ को अवार्ड वितरण कार्यक्रम सम्पन्न गरेको छ। लायन वर्ष २०२२ /२३ अध्यक्ष एवम अहिलेका जोन चेयर पर्सन लायन सवि शेरचनले विभिन्न कार्यक्रममा संयोजकको जिम्मेवारी लिएर आफ्नो कार्यकाल सफल बनाउने लायन सदस्य र संस्थाका संस्थापक, निर्वतमान अध्यक्ष एवम सल्लाहकार र अतिथिहरुलाई एक कार्यक्रमका बीच अवार्ड एवम मायाको चिनोबाट सम्मान अर्पण गर्नुभएको हो।



अध्यक्ष सवि शेरचनले आफ्नो कार्यकालमा डिष्ट्रिकमा उत्कृष्ट क्लबको रुपमा परिचित गराउन प्रत्यक्ष र अप्रत्यक्ष रुपमा भुमिका खेल्नुहुने व्यत्तित्वहरुलाई अवार्ड वितरण गर्न पाउँदा खुशी लागेको बताउनुभयो। "कुनै पनि संस्थाले गति लिन र उद्देश्य हासिल गर्न टिमको साथ आवश्यक पर्छ, मेरो कार्यकाल सम्पन्न गर्न विभिन्न जिम्मेवारी लिएर सफल बनाउनु भयो सम्पूर्ण लायन्स साथिहरु प्रति आभारी छु, ।" उहाँले आफ्नो कार्यकालमा तीन महिने कम्प्युटर तालिम, हंगर रिलिफ कार्यक्रम, रक्तदान, मधुमेह परिक्षण, नेतृत्व विकास तालिम, वृक्षा रोपण, छात्रवृत्ती लागि अक्षयकोष स्थापना, शैक्षिक सामग्री वितरण लगायत कामहरु गरेको जानकारी दिनुभयो। लायन्सको यात्राले आफुमा समाजसेवा प्रतिको सोचलाई अझ फरालो बनाउन सघाउ पुर्‍याएको उहाँको भनाइ छ। अर्वाड वितरण कार्यक्रममा वर्ष २०२२/२३ का डिष्ट्रिक गर्भनर धुव्र श्रेष्ठले मानव सेवामा समर्पित लायन्स संसारकै पुरानो गरिमामय इतिहास बोकेको सामाजिक संस्था भएको बताउनु भयो। उहाँले स्वार्थ भन्दा माथि उठेर समाजसेवामा जुटन लायनवादले प्रेरित लायन सदस्यहरु पछिल्लो समय नेतृत्व व्यक्तित्व विकास एवम सशक्तिकरण हुँदै अगाडि बढी रहेको बताउनुभयो। उहाँले लायन्स क्लबमा कुनै पनि राजनीति रंग र स्वार्थको गन्ध आउन दिन नहुने भन्दै सबैले निस्वार्थ भइ ' हामी सेवा गर्छौ' भन्ने भावनाबाट अघि बढ्नु पर्नेमा जोड दिनुभयो। लायन्सको उद्देश्यलाई सार्थक पार्न लायन्स क्लब अफ पोखरा ब्युटि सिटि सफल भएको भन्दै उहाँले आगामी नेतृत्वलाई पनि उदाहरणीय कार्यका लागि शुभकामना दिनुभयो। तिज फेलोशिप चिफ तथा क्लबका संस्थापक अध्यक्ष चिनु गुरुगं,उत्कृष्ट क्लबको रुपमा चिनाउन सफल भएकोमा अध्यक्ष सवि शेरचनलाई बधाइ ज्ञापन गर्दै सम्मान गर्नुभएको थियो। कुनै पनि संस्था जिवन्त रहन नेतृत्वको महत्वपूर्ण भूमिका रहने जनाउँदै शेरचनले आफ्नो कार्यकाल भब्य र सभ्य रुपमा सफल बनाएर आफ्नो नेतृत्व क्षमता प्रस्तुत गर्न सफल भएको बताउनुभयो। कार्यक्रममा डिष्ट्रिक सेक्रटरी मधुसुदन कोइराला, डिष्ट्रिक को चिफ एडभाइजर विमला श्रेष्ठ, मोडल भिलेज चिफ देवकुमारी हिराचन, सिनियर एडभाइजर शिला अधिकारी,लायन वर्ष २२ /२३ का जोन चेयर पर्सन महेश श्रेष्ठ लगायतले आफ्नो धारणाहरु राख्नुभएको थियो।


कार्यक्रम वर्ष २०२३ /२४ का अध्यक्ष दुर्गा मर्सानीको अध्यक्षता र संचालन क्लबका सचिव राधा श्रेष्ठले गर्नुभएको थियो भने झण्डाको अभिवादन द्धितीय उपाध्यक्ष लायन कल्पना सिग्देल गर्नुभएको थियो।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१0, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशालाई जन्माउँछ। - विदुरनीति

## सम्पादकीय

# सुन तस्करीको अनुसन्धान सिआइबीलाई

क्विन्टल सुन तस्करी प्रकरणको अनुसन्धानको काम नेपाल प्रहरीलाई जिम्मा लगाएको छ। राजश्व अनुसन्धान विभागले आइतबार यो प्रकरणमा संकलन भएका सबै प्रमाण र तथ्यहरु प्रहरीलाई जिम्मा लगाएको छ। शुरुमा प्रहरीलाई संलग्न नगराई राजश्व अनुसन्धान विभागलाई अघि सारेर भरिया समाउने उद्देश्य त थिएन भन्ने शंका थियो। जब सुन तस्करको उठबस सत्तारुढ नेतासंग भएका तस्बिर सार्वजनिक हुन थाले सरकारले अनुसन्धान कमजोर बनाउन खोजेको छाराजश्व अनुसन्धानले अपुरो र अपुर्ण प्रतिवेदन प्रहरीलाई बुझाएको छा अब यो प्रकरणका अनुसन्धान प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआईबी)ले अघि बढाउने छ।

सुन तस्करी प्रकरणको बृहत अनुसन्धान गर्नुपर्ने भएकोले प्रहरीलाई जिम्मा दिने निर्णय भएको विभागका महानिर्देशक नवराज ढुंगानाले आइतबार पत्रकार सम्मेलनमा जानकारी दिए। हालसम्म खुलेका प्रमाणले संगठितरुपमा गरिएको अन्तरदेशीय अपराध देखिन्छ। त्यही भएर बाँकी अनुसन्धान दक्ष र संगठित जनशक्तिमार्फत गर्नुपर्ने भएर प्रहरीलाई जिम्मा दीएको राजश्व अनुसन्धानको भनाइ छ। विपक्षी एमालेले संगठित अपराध, राष्ट्रमाथिको घात, अन्तर्राष्ट्रिय आतंककारीको संल्गनता र राजश्वको छलि र नेपाललाई अन्तर्राष्ट्रिय रुपमा बदनाम गराउने काम भएको हुँदा उच्चस्तरीय छानबिनको माग गरेको हो। सरकारले राजश्व अनुसन्धानले काम गर्न सक्ष भनेर गरेको ढिपी गलत सावित भएको छ।

पक्राउ परेका आरोपित, बरामद सबुत प्रमाण र अनुसन्धानको प्रगति प्रतिवेदन विभागको टोली प्रहरी महानिरीक्षक बसन्त कुँवरलाई हस्तान्तरण गरेको छ। त्यसपछि प्रहरी प्रधान कार्यालयले यसको अनुसन्धानको जिम्मा सीआईबीलाई दिएको छ। विभागका मात्र अनुसन्धान फितलो हुनसक्ने कुरा शुरुदेखि उठेको हो। प्रधानमन्त्री पुष्पकमल दाहाल मातहतको राजश्व अनुसन्धान विभागको र प्रहरीको काम गर्ने शैली केही फरक हुन्छ। राजश्वलाई अघि सार्नु भन्दा प्रहरीलाई जिम्मा दिंदा प्रचार बढी हुन्छ। प्रहरीले सूचना कसरी दिनुपर्छ र कथा कता मोड्न सक्छ भन्ने जानेको छ। मिडियामा कसरी छाउन सकिन्छ र कसरी विषयान्तर गर्न सकिन्छ भन्ने खुवी प्रहरीलाई छ।

सुन तस्करी प्रकरणको अनुसन्धान राजस्व र भन्सार छलीमा मात्रै गर्दा जरोसम्म पुग्न नसकिने निष्कर्षमा बल्ल पुगेको छ। सरकारले संगठित अपराध, अन्तर्देशीय अपराध र आतंकवादसँग पनि जोडेर अनुसन्धान गर्न सीआईबीलाई जिम्मा दिएको छ। सीआईबीमा वित्तीय र संगठित अपराध हेर्ने छुट्टै युनिट छन। अब प्रहरीले विशेष ब्युरो, साइबर ब्युरो र अन्य युनिटका विशेष टोलीलाई पनि अनुसन्धानमा खटाउन सक्छ। हङकङबाट गत असार २९ मा क्याथे प्यासिफिकको जहाजमा स्कुटरका ब्रेक सुभित्र लुकाएर ल्याइएका सामान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भन्सार जाँचपास गरी बाहिरिएको थियो। त्यसलगत्तै विभाग र सशस्त्र प्रहरी बल (एपीएफ) को विशेष टोलीले भन्साबाहिर सिनामंगल सडकबाट ब्रेक सुभित्र लुकाएको सय किलो सुनसहित दुई जनालाई पक्राउ गरेको थियो। त्यसको अनुसन्धान गर्ने क्रममा तस्करीमा अन्तर्राष्ट्रिय गिरोहको संल्गनता खुलेपछि अनुसन्धान जटिल बन्दै गएको थियो। सत्तारुढ नेताहरु र तस्करका सम्बन्ध बारेमा उठेका प्रश्नको उत्तर नदिई गरिने छानबिन सही गन्तव्यमा पुग्न सकिदैन।

अनुसन्धान जिम्मा प्रहरीलाई दिनुपर्ने माग उठे पनि विभाग आफैंले निष्कर्षमा पुऱ्याउने दाबी गरिरहेका बेला सम्बन्धित निकायका अधिकारी बोलाएर प्रधानमन्त्रीले ब्रिफिङ लिएका थिए। यो प्रकरणमा विमानस्थल भन्सारका तीन कर्मचारी, बेकिजयन, भारतीय र चिनियाँ गरी तीन विदेशी नागरिकसहित १८ जना पक्राउ परिसकेका छन। साउन ३ बाट सुरु यो अनुसन्धान तस्करीका मूल नाइकेसम्म पुगेको छैन। हाल भइरहेको अनुसन्धानले अपराधमा संलग्नको नेटवर्क पत्ता लगाए पनि मूल गिरोह अझै अनुसन्धानको दायराभन्दा बाहिर छ। सुन तस्करीमा विभागले राजस्व र भन्सार छलीको कानुनमा अनुसन्धान गरिरहेकामा सुरुमा संगठित अपराधमा अनुसन्धान गर्न विभाग र प्रधानमन्त्री कार्यालय अनिच्छुक देखिएका थिए। विभागबाट मात्रै अनुसन्धान भए कमजोर हुने र मूल आरोपितसम्म पुग्न नसकिने भन्दै आलोचना भएपछि सरकारले प्रहरीलाई जिम्मा लगाएको हो।अब प्रहरीले भरियाा, विदेशी र विचौलिया होइन तस्करीको नाइके र संरक्षणकर्ता पत्ता लगाएर तस्करीको जालो तोड्न लाग्नुपर्छ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : आर्थिक समस्या |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : मन चञ्चल | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्फनुहोस्।

# विद्युत् नपुगेका गाउँमा सोलार बत्ती

पोखरापत्र संवाददाता
बागलुङ, २१ साउन

ढोरपाटन नगरपालिका-९ छ्यान्तुङकी थमकुमारी भण्डारी अहिले ७० वर्ष पूरा हुनुभयो। उहाँले अहिलेसम्म टुकी र दियालो बालेर रात कटाउँदै आउनुभएको थियो। वर्षौंदेखि अन्धकारमा जीवन बिताउँदै आउनुभएकी भण्डारीको घर आजभोलि उज्यालो बनेको छ। उहाँले भन्नुभयो, "गाउँ अहिलेसम्म अन्धकारमा थियो, नगरपालिकाले सोलार बत्ती वितरण गरेपछि अहिले जतातते उज्यालो भएको छ।"

ढोरपाटन नगरपालिकाले विद्युत्को पहुँचभन्दा टाढा रहेका गाउँमा सोलार बत्ती वितरण गरेपछि छ्यान्तुङ गाउँ उज्यालो बनेको हो। जिल्लाकै सबैभन्दा दुर्गम गाउँ मानिने ढोरपाटन -९ छ्यान्तुङमा अहिलेसम्म विद्युत्को पहुँच पुगेको छैन। विद्युतको पहुँच नहुँदा भण्डारीसहित यस गाउँका सयौं नागरिक अन्धकारमा बस्दै आएका थिए। आफ्नो जीवनकाल टुकी र दियालो बालेरै बितेको भन्दै सोलार बत्ती पाएपछि खुसी हुँदै अब अँध्यारो घर उज्यालो हुन थालेको भण्डारीले बताउनुभयो। आफूहरू सहरबजारभन्दा धेरै टाढा हुँदा अहिलेसम्म बिजुली बत्ती पाल्न नपाएको गुनासो पोख्दै सोलार बत्ती मट्टितेल किन्ने खर्च घट्ने र दियालो जम्मा गर्ने झन्झट कम हुने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "अहिलेसम्म कसैले पनि हामीलाई सहयोग गरेको थिएन, यस्तो अँध्यारोमा बसेको धेरैले देखेका थिए, अब घर उज्यालो हुने भयो, बल्ल सरकार आएको अनुभूति भयो, अँध्यारोमा बस्दा कति कष्ट हुन्छ, पहिलेको जस्ते मट्टितेल पनि अहिले अलि कम पाइन्छ, अब मट्टितेल किन्न र दियालो भाउ जम्मा गरेर महिनौं बिताउनुपर्ने छैन।" बागलुङको ढोरपाटन-९ छ्यान्तुङ र वडा नं ६ लामखोरियालगायत थुप्रै गाउँका स्थानीय अहिले पनि टुकी र दियालोको भरमा रात बिताउँछन्। भौगोलिक विकटताका कारण यहाँ स्थानीय जलविद्युत् तथा केन्द्रीय लाइनको पहुँच पुग्न सकेको छैन। वर्षौंदेखि अन्धकारमा बस्दै आएका स्थानीयलाई ढोरपाटन नगरपालिकाले सोलार बत्ती वितरण गरेको छ। सोलार बत्ती पाएपछि स्थानीयमा खुसी छाएको छ।

नगरपालिकाले हालसम्म पनि विद्युत्को पहुँच नपुगेका दुर्गम गाउँ छ्यान्तुङ र लामखोरियाका ८० परिवारलाई सोलार वितरण गरिएको नगरपालिकाका कार्यवाहक नगरप्रमुख धनबहादुर कायतले बताउनुभयो। नगरप्रमुखको कोषबाट विपन्न परिवारलाई राहतस्वरुप सोलार वितरण गरिएको उहाँलेबताउनुभयो।छ्लोहोरपाटननगरपालिकाको दुर्गम क्षेत्र अभैसम्म पनि विद्युत नभएर अँध्यारोमा जीविका चलाउँदै आएका विपन्न परिवारको समस्यालाई ध्यानमा राखी सोलार बत्ती वितरण गरिएको कायतको भनाइ छ। विद्युतकै कारण सहज सञ्चारको पहुँचबाटसमेत टाढा रहेका स्थानीयको समस्या समाधान गर्न केन्द्रीय प्रसारण लाइन विस्तारको कामसमेत हुन थालेको उहाँले बताउनुभयो। विद्युतको सेवाबाट टाढा रहेकानगरपालिकाका अन्य दुर्गम ठाउँसमेत विद्युत् पुऱ्याउने र केही समयभित्र बाँकी रहेका ठाउँमा सोलार बत्ती वितरण गर्ने उहाँको भनाइ छ। नगरप्रमुख कायतले भन्नुभयो, "अहिले तत्कालको समस्या समाधानका लागि सोलार बत्ती वितरण गऱ्यौं, अब छिट्टै यो ठाउँमा केन्द्रीय प्रसारण लाइन ल्याउनका लागि पहल गर्छौं, ढोरपाटनमा केन्द्रीय लाइन ल्याउने काम हुन थालेको छ, त्यहाँ आउनासाथ यी गाउँमा जडान गर्ने छौं।"

लामखोरियाका स्थानीय राममाया विकले अब आफ्ना बालबालिकाले सोलार बालेर पढ्न पाउने भन्दै खुसी व्यक्त गर्नुभयो। गाउँमा धेरै स्कुले बालबालिका रहेको भन्दै उनीहरूले अहिलेसम्म टुकीकै भरमा पढ्दै आएको विकले बताउनुभयो। हातमा मोबाइल भए पनि चार्ज गर्नका लागि टाढा जानुपर्ने बाध्यता रहेको उहाँले गुनासो पोख्नुभयो। "गाउँभरि स्कुल पढ्ने केटाकेटी छन्, अँध्यारो भयो भने सुतिहाल्छन्, बिजुली नहुँदा पढ्न पाएका छैनन्, नगरपालिकाले सोलार दिएपछि राति पनि पढ्न पाइने भयो भनेर धेरै खुसी भएका छन्, हामीलाई पनि धेरै खुसी लागेको छ", उहाँले भन्नुभयो। "गाउँमा बिजुली ल्याउने कुरा चलेको धेरै पहिले हो अहिलेसम्म के भयो थाहा छैन, बिजुली आए त हाम्रो वर्षौंदेखिको मुख्य समस्या समाधान हुने थियो।" नेपाल विद्युत् प्राधिकरण बागलुङ वितरण केन्द्रले छ्यान्तुङ, लामखोरियालगायत अहिलेसम्म विद्युत्को पहुँच नपुगेका स्थानमा केन्द्रीय प्रसारण लाइन विस्तार गर्न थालेको छ। आगामी दुई वर्षभित्रसम्म जिल्लाका सबै स्थानमा केन्द्रीय लाइन पुऱ्याउने गरी काम गरिरहेको प्राधिकरण बागलुङ वितरण केन्द्रका प्रमुख दिलीप मरासेनीले जानकारी दिनुभयो। ढोरपाटनमा केन्द्रीय लाइन विस्तारका लागि काम सुरु भइरहेको उहाँको भनाइ छ।

# २० औं पाम वर्कसप सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २१ साउन



पोखरा १५ मा रहेको संगम बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजना र नेफ्स्कुनको प्राविधिक सहयोगमा प्रोबेशन गण्डकी क्लस्टर अन्तर्गत पहिलो समूहले २०औं पाम वर्कसप सम्पन्न गरेको छ।

कास्की, लमजुङ र गोरखाका गरि १० वटा सहकारी संस्था सदस्य रहेको यस समुहमा यसपटक देखि कास्कीकै सरल नमुना साकोस पनि सहभागी भएको जानकारी आयोजक संस्थाका सचिव धनराज पुरीले गराए। पोखरा १८ को लभ्ली हिलमा आयोजित कार्यशालाको शुभारम्भ गर्दै कास्की बचत तथा ऋण सहकारी संघका अध्यक्ष भेषराज बरालले यस किसिमका कार्यकुशलता तथा सिकाइ ब्यवस्थापन कार्यशालाले सहकारीलाई सहि दिशानिर्देश गर्नमा महत्वपूर्ण टेवा पुग्ने र सहकारीहरु स्वस्थ रहि दिगोपन कायम हुने बताए। साथै उनले अध्यक्ष, मेनेजर र लेखा संयोजक गरि तीन जनाको भुमिकामा नै सहकारी अडिएको हुनाले यी तिनैजना असाध्यै चनाखो हुनुपर्ने तर्फ पनि औलाए। यसैगरी नेफ्स्कुन पोखरा फिल्ड कार्यालयका ब्यवस्थापन समिति सदस्य एवं संगम सहकारीका संरक्षक निरज थापाले यस्ता कार्यक्रमहरुलाई जिल्ला स्थित बचत तथा ऋण सहकारी संघहरुले धेरै सहकारी माझ छिटो पुर्याउनु पर्ने बताए। २० औं शृखलामा आइपुग्दा कार्यक्रमका सहजकर्ता महेश खड्काद्वारा अग्रिम रूपमा पाँच समूह बनाइ पाँच फरक विषयमा गर्न लगाइएको बिशेष प्रस्तुति निकै रोचक भएको सहभागीहरुले बताए, जसमा गौरीशंकर साकोस र दुधपोखरी साकोसको समुह उत्कृष्ट भइ पुरस्कृत भएको थियो। आयोजक संस्थाका अध्यक्ष नवराज तिवारीले यसपटकको केहि सुधार सहित फरकपनको कार्यशालाले थप आवस्यक कुरा दिदै हौसला थपेको बताए। दुधपोखरी साकोस, कास्कीले अबको तीन महिना पछि अर्को पाम वर्कसप गर्नेगरी समापन भएको उक्त कार्यक्रममा संगम साकोसका लेखा समिति संयोजक भोविन्द्र गिरी, उपाध्यक्ष बुद्धिमान थापा, नेफ्स्कुनका वरिष्ठ कार्यक्रम अधिकृत भरत न्यौपाने, आस्था साकोस र दुधपोखरी साकोसका कार्यालय प्रमुखद्वय नारायण प्रसाद आचार्य र दुधकाशी गुरुङ लगायतले मन्तव्य राखेका थिए।

# तनहुँमा उत्पादित कागतीले बजार पाएन

पोखरापत्र संवाददाता
तनहुँ, २१ साउन

तनहुँ जिल्लामा उत्पादित कागतीले बजार नपाउँदा कृषक निराश भएका छन्। व्यावसायिकरूपमा कागतीखेती सुरु गर्नुभएका देवघाट गाउँपालिका-२ बिरौटा खाल्टेका मनिष मल्ल ठकुरीले उत्पादन भएका कागतीले बजार नपाएको गुनासो गर्नुभयो।

विदेशबाट फर्किएर कागतीखेती सुरु गर्नुभएका उहाँले कागती बिक्रीका लागि बजार खोज्दै हिँड्नुपर्ने अवस्था रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "स्वदेशमै केही गरौँ भन्ने भावनासहित यो पेसामा लागेको छु, बजार खोज्दै भौँतारिनुपर्ने अवस्था आउँदा समस्या भइरहेको छ।" पाँच वर्ष अगाडिदेखि कागतीखेती सुरु गर्नुभएका ठकुरीले पछिल्ला दुई वर्षयता कागती बिक्री गर्न थाल्नुभएको छ। गत वर्ष पहिलोपटक रु ७० हजारको कागती बिक्री भएको उहाँले बताउनुभयो। यो वर्ष सात सय केजी बिक्रीका लागि तयार भएका छन्। "उत्पादन लिन थालेको दुई वर्ष भयो, गत वर्ष रु ७० हजारको कागती बिक्री गरेँ। यस वर्ष सात सय किलो उत्पादन भएको छ", उहाँले भन्नुभयो, "गत वर्षको कागती दमौली बजारमै बिक्री भए पनि यो वर्षको भने बजार समस्या देखिएको छ।" उहाँका अनुसार यो वर्ष उत्पादित कागती बिक्रीका लागि पोखरास्थित तरकारी बजारमा बुझ्ने काम भइरहेको छ। भारतबाट आउने कागतीका कारण स्थानीयस्तरमा उत्पादित कागतीले बजार नपाएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "स्वदेशमै केही गरौँ भन्ने लक्ष्यसहित लागेको छु, बजार नपाउँदा निराश भए पनि आँट मारिसकेको छैन।" ठकुरीले गत वर्ष प्रतिकेजी रु ८० मा बिक्री गर्नुभएको थियो। यो वर्ष पनि सोही हाराहारीको लक्ष्य छ। "चितवनमा बुझ्दा किलोको रु ६० रहेछ, अलि थोरै भएपछि पोखरामा बिक्री गर्ने सोच बनाएको छु। सबैभन्दा बढी आउँदा रु एक सयसम्म पनि आएको छ", उहाँको भनाइ छ। विसं २०६७ मा वैदेशिक रोजगारीका लागि मलेसिया पुग्नुभएका ठकुरी विसं २०७० मा स्वदेश फर्किनुभएको थियो।

स्वदेश फर्किएपछि उहाँले आफ्नै २० रोपनी क्षेत्रफलमा कागतीखेती सुरु गर्नुभएको थियो। हालसम्म रु १५ लाख लगानी भइसकेको उहाँको भनाइ छ। उहाँको कागती बगैँचामा पाँच सय बोट छन्। कागतीखेतीका लागि आफूसहित बुवाआमा खटिएको उहाँले बताउनुभयो। कागतीखेतीका लागि कृषि ज्ञान केन्द्रबाट सहयोग भए पनि स्थानीय तहबाट सहयोग नपाएको उहाँले बताउनुभयो। कागतीको बजारीकरणका लागि बाटोको पनि मुख्य समस्या रहेको उहाँ बताउनुहुन्छ। कागती बगैँचादेखि दुई किलोमिटर दूरीसम्म मान्छेले बोकेर लैजानुपर्ने समस्या छ। उहाँले भन्नुभयो, "बाटो त छ गाडी जान सक्ने छैन, जसले गर्दा बोकाएर लैजानुपर्छ। कागतीले उचित मूल्य त पाएन नै बजार व्यवस्थापनमै खर्च हुन थाल्यो।" बाटोको समस्या समाधानका लागि गाउँपालिकालाई पटक-पटक आग्रह गर्दा पनि सुनुवाइ नभएको उहाँको भनाइ छ। कृषिमा लागेका युवालाई स्थानीय तहले प्रोत्साहन नगरेको उहाँको अनुभव छ। कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख कुलप्रसाद तिवारीले ठकुरीले उत्पादन गरेका कागतीले बजार नपाउँदा दुःख लागेको बताउँदै बजारीकरणका लागि आफूले पनि सहयोग गरेको बताउनुभयो।

"उत्पादन गरायो बजार नै पाउन गाह्रो, बाटो पनि छैन, कृषि सडक कृषि उत्पादन नभएको ठाउँमा लगियो", उहाँले भन्नुभयो, "कागतीको बजारीकरणका लागि केही गर्न सकिन्छ कि भनेर प्रयास गरिरहेको छु।" तिवारीले कागतीखेती कृषकलाई बगैँचासम्मै पुगेर आवश्यक परामर्श दिने गरेको बताउनुभयो। कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/०८० मा जिल्ला रु २० लाख मूल्य बराबरका कागती उत्पादन भएका छन्। पाँच सय हेक्टर क्षेत्रफलमा कागतीखेती गरिएकामा चार सय ५० मेट्रिक टन कागती उत्पादन भएको छ।

# लिफ्टमार्फत घरमै पानी आएपछि स्थानीय दङ्ग

पोखरापत्र संवाददाता
बागलुङ, २१ साउन

बागलुङका जैमिनी नगरपालिका-१० राङखानी भेडिखर्कका ४६ वर्षीय पुष्पा पुनको आगनमा नयाँ खानेपानी धारा निर्माण भएको एक महिना भयो।

यसअघि खानेपानीका लागि निकै कष्ट भोग्दै आउनुभएका पुन अहिले लिफ्टमार्फत गाउँमुनिको पानी घरमै आएपछि दङ्ग हुनुहुन्छ। "बर्खामा घर माथिको समुदायिक धारामा दिनको दुई घण्टा पानी आउँथ्यो, हिउँदमा घर नजिकैको कुवामा पानी लिन जानुपर्थ्यो", पुनले भन्नुभयो, "एक महिना भयो घरमै खानेपानीको धारा आएको छ, २४ सै घण्टा धारामा पानी खस्दा दैनिकी बदलिएको छ, अहिले पानीका लागि समय छुट्टाउन पर्दैन।"

बर्खामा सामुदायिक धारा प्रयोग गरेपनि हिउँदमा कुवाको पानीमा निर्भर रहेका यहाँका स्थानीय अहिले गाउँमुनिको पानी घर-घरमै आउन थालेपछि खुसी भएका छन्। स्रोत अभावका कारण लामो समयदेखि खानेपानीको सङ्कट भोग्दै आएका यहाँका ३९ घरमा नेपाल स्वास्थ्यका लागि पानी (नेवा) ले लिफ्टमार्फत खानेपानी पुऱ्याएको हो। छ सय ६० मिटर तलको भौँक्रिस्थानको मूलबाट उक्त पानीलाई गाउँमाथि पुऱ्याएर वितरण गरिएको नेवा कार्यक्रमका अधिकृत विनोद कोइरालाले बताउनुभयो। विसं २०७२ सालको भूकम्पपछि यहाँका खानेपानीको मुहान सुकेपछि खानेपानीको समस्या हुँदै आएको थियो। लिफ्टमार्फत घर-घरमै पानी आउन थालेपछि दैनिकी सहज भएको स्थानीयले बताएका छन्। बस्ती भन्दा छ सय ६० मिटर तल रहेको मुलको पानी माथिसम्म आउला भनेर कल्पना नै नगरेको स्थानीय मीना पुनले बताउनुभयो। "खानेपानीको निकै दुःख थियो, एक गाग्री पानीका लागि एक घण्टा समय लाग्थ्यो। कुवामा अबेर गए पानी नभएर फर्कनु पर्थ्यो", उहाँले भन्नुभयो, "पछि सामुदायिक धारा बनेपनि बर्खामा मात्रै पानी आउँथ्यो।" हिउँदमा मूल सुकेर पानी आउन छोडेपछि नेवाको सहयोगमा खानेपानीको समस्या समाधान भएको उहाँको भनाइ थियो। जिल्लाका १७ स्थानमा नेवाले आयोजना सञ्चालन गरिरहेको भन्दै 'एक घर एक धारा' अभियानअन्तर्गत जैमिनी-१० को भेडिखर्कमा लिफ्टमार्फत खानेपानी पुऱ्याइएको कोइरालाले जानकारी दिनुभयो। उहाँका अनुसार जिआइ पाइपमार्फत दुई ठाउँमा मोटर जोडेर बस्तीमा पानी ल्याइएको हो। "पानीको स्रोत नभएका स्थानमा मात्रै लिफ्ट आयोजना सञ्चालन गरिएको छ। यो धेरै खर्चिलो प्रविधि भएकाले स्रोत भएका स्थानमा आयोजना सञ्चालन गरेका छैनौँ", कोइरालाले भन्नुभयो, "भेडिखर्कमा पुराना मूल सुकेर खानेपानीको सङ्कट हुन थालेपछि लिफ्टमार्फत खानेपानी ल्याएका हौँ।" उहाँका अनुसार रू ८३ लाख ४६ हजार लागतमा खानेपानी पुऱ्याएको हो। जैमिनी नगरपालिकाको रू १४ लाख ९८ हजार, नेवाको रू ५९ लाख ९० हजार, रू सात लाख २० हजार बराबरको स्थानीयको श्रमदान र स्थानीय उपभोक्ता समितिको रू एक लाख २४ हजार लागतमा खानेपानी आयोजना सम्पन्न गरिएको कोइरालाले जानकारी दिनुभयो। अहिले दैनिक दुई घण्टा लिफ्ट आयोजनाबाट पानी तान्दा ३९ घरमा २४ घण्टै खानेपानी पुगेको खानेपानी आयोजनाका व्यवस्थापनक शेरबहादुर विकले जानकारी दिनुभयो। उहाँले हिँउदको समयमा भने दिनको दुई पटक पानी तान्नुपर्ने बताउनुभयो।

# आकर्षणको केन्द्र हिमताल

**रासस**
मनाङ, २१ साउन

यहाँको हिमशृङ्खला, तालतलैया, अग्ला तरेली परेका डाँडा, हिमालका मनोरम दृश्यमा रमाउन पर्यटक आउने गर्दछन् । विशेषगरी यहाँ आउने पर्यटक हिमतालमा रमाउने गरेको पाइन्छ ।

यहाँका अग्ला डाँडाकाँडा, छहरा, झरनामा पर्यटकले मोहित हुँदै मनाङ प्रवेश गर्छन् । यहाँका सफा, स्वच्छ झरना, छहराका पानीले मोहित पारेको पर्यटक बताउँछन् । यहाँको हिमनदीबाट झरेर बनेका तालमा रमाउँदै यहाँको मज्जा लिने गरेको उनीहरू भनाइ छ । जिल्ला प्रवेश गरी पहिलो दिन तालबस्तीमा देखिएका स्वच्छ झरनाबाट नै यहाँ अझ कस्तो होला भन्दै लोभ्याउने गरेको उनीहरू बताउँछन् । कजिनसारा ताल, ड्रोना ताल, गङ्गापूर्ण ताल, क्लिन लेक, ग्रिन लेक, ढुकुर पोखरी, आइसलेक, पोङ्कर ताल, तिलिचो माललगायत छन् । यी तालले पर्यटकलाई आकर्षित गरेको चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले बताउनुभयो । उहाँले भन्नुभयो, “यहाँ आउने पर्यटकले विशेषगरी ताल, हिमशृङ्खला, झरनाले आकर्षित गरेको बताउँछन्, यहाँका ताल, झरनामा रमाउने र सहजरूपमा पुग्ने बनाउन लागिपरेका छौँ ।” झरना र तालतलैयामा सहज पुग्ने विकास निर्माण र नयाँ तालको खोजीमा गाउँपालिका जुटेको उहाँले बताउनुभयो । “नयाँ ताल खोजी, भएका तालमा पूर्वाधार निर्माणका लागि बजेट नै छुट्याएका छौँ, हाम्रा गहनाको हामीले नै संरक्षण गर्ने हो”, उहाँले भन्नुभयो ।

चामे गाउँपालिकामा कजिनसारा, ड्रोना ताल पर्दछन् । मनाङ डिस्याङ गाउँपालिकामा जिल्लाकै सबैभन्दा बढी ताल रहेको छ । यहाँ ढुकुर पोखरी, ग्रिन लेक, क्लिन लेक, गङ्गापूर्ण ताल, तिलिचो ताल, आइसलेक, पोङ्कर ताल पर्दछन् । यहाँका तालसम्म पुग्ने बाटो बनाउने र तालसम्म पुग्ने पूर्वाधार निर्माणका लागि गाउँपालिकाले बजेटको व्यवस्थापन गरेको छ ।

यहाँका तालतलैयासम्म पुग्ने अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले पनि सघाउँदै आएको छ । तालसम्म पुग्ने बाटोमा गाउँपालिकासँगै एक्यापले विभिन्न चिह्न राख्ने काम गरेको जनाएको छ । मनाङ डिस्याङ गाउँपालिकाका अध्यक्ष कान्छा घलेले यहाँकाताललाई सुरक्षित र संरक्षणका लागि बजेट छुट्याएको बताउनुभयो । यहाँ धेरै ताल रहेकाले कति ताल अझै गुमनाम रहेको उहाँले बताउनुभयो ।

हिमालबाट लुकेर आएको पानी नै यहाँ अधिकांश ताल बन्ने गरेका छन् । यहाँको विकासका लागि पर्यटकको आगमनले अझै उत्साहित बनाउने गरेको पर्यटन व्यवसायी विनोद गुरुङले बताउनुभयो । पर्यटनको हबका साथै मनाङलाई फिल्म छायाँङ्कनको क्षेत्रसमेत बनाउने गरी विकास गर्नुपर्ने उहाँको भनाइ छ ।

दुई याममा पर्यटक यहाँ घुम्न आउने गर्दछन् । ती यामको छुट्टाछुट्टै रकम तिर्नुपर्ने प्रावधान निर्धारण गरिएको छ । पर्यटक हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्नुका साथै मनाङबाट थोराङ्लापास गरी मुस्ताङ, कोही पोखरा जानका लागि अन्नपूर्ण पदमार्गमा पर्यटक आउने गर्छन् । अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङ्गे चौतारामा रहेको छ । अन्नपूर्ण पदमार्गमा लमजुङसहित कास्की, मनाङ, मुस्ताङ र म्याग्दी गरी पाँचवटा जिल्ला जोडिएको छ । काठमाडौँबाट बेँसीसहरसम्म सवारी साधनमार्फत पर्यटक आउने गर्दछन् र पदमार्गबाट मनाङका विभिन्न स्थानको अवलोकनसहित यात्राको सुरुआत गर्दछन् ।

# गण्डकी विश्वविद्यालयको आयोजनामा फुटबल प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २१ साउन

गण्डकी विश्वविद्यालयको आयोजनामा जापानी फुटबल प्रशिक्षक इतारु कातोले पोखराका विद्यार्थीलाई फुटबल प्रशिक्षण गराउनुभएको छ । इतारुले गण्डकी विश्वविद्यालय र अन्य सात विद्यालयका विद्यार्थीलाई शनिबार र आइतबार फुटबल प्रशिक्षण गराउनुभएको हो । करिब ६० जना विद्यार्थीलाई शनिबार अवलोकन र अभ्यास, आइतबार फुटबलका सैद्धान्तिक प्रशिक्षण गराइएको हो ।

गण्डकी प्रदेश सरकारद्वारा स्थापित गण्डकी विश्वविद्यालयमा नेपालमै पहिलोपटक स्नातक तहमा चारवर्षे कार्यक्रम ‘ब्याचलर इन स्पोर्टस् म्यानेजमेन्ट’ (बिएसएम)को अध्यापन भइरहेको छ । नेपालमै पहिलो पटक २०७७ सालमा प्रदेश सरकारद्वारा स्थापित विश्वविद्यालयले विभिन्न शैक्षिक कार्यक्रम सञ्चालनका साथै अन्वेषण र अनुसन्धानलाई समेत प्राथमिकतामा राख्दै आइरहेको छ । गण्डकी विश्वविद्यालय स्नातक तहमा खेलकुद व्यवस्थापन विषयको पठनपाठन सुरु गरेको नेपालकै पहिलो र एकमात्र विश्वविद्यालय हो । विश्वविद्यालयले खेलकुद क्षेत्रको समग्र विकासलाई विशेष प्राथमिकता दिँदै ‘ब्याचलर इन स्पोर्टस् म्यानेजमेन्ट’ (बिएसएम) कार्यक्रमका संयोजक मधुसूदन सुवेदीले जानकारी दिनुभयो । विश्वविद्यालयमा पाँच सङ्कायका विषयमा पठनपाठन हुँदै आएको छ ।

# राउटे समुदायलाई गण्डकी सरकारको आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २१ साउन

दैलेखदेखि आएका राउटे समुदायका अगुवाले आइतबार गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई भेटेका छन् ।

मुख्यमन्त्रीलाई भेट्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पुगेका उनीहरुले मुख्यमन्त्री पाण्डेसमक्ष राउटे समुदायले भोग्दै आएका समस्याबारे जानकारी गराएका थिए । राउटे समुदायको गासवासको जोहाका लागि आर्थिक सहायता मागेपछि मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारका तर्फबाट रु ५० हजार सहयोग प्रदान गर्नुभएको थियो । सो अवसरमा उहाँले राउटे समुदायको वर्तमान अवस्थाका बारेमा जानकारी लिनुभएको थियो । राउटे समुदायका अगुवा लालबहादुर शाहीले सहयोग रकम राउटे जातिको खाना र आवासमा खर्च गरिने बताउनुभयो ।

उहाँले सातवटै प्रदेश सरकारबाट आर्थिक सङ्कलन गरिने जानकारी दिनुभयो । शाहीले लोपोन्मुख राउटे जातिको गासवाससहित जीवकोपार्जनमा नेपाल सरकारले विशेष सहयोग गर्नुपर्ने धारणा राख्नुभयो ।

# महिला क्रिकेटरका लागि भारतीय प्रशिक्षक नियुक्त

**रासस**
काठमाडौं, २१ साउन

आइसिसी महिला टी-ट्वान्टी विश्वकप एसिया छनोटको तयारीमा रहेको नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीमा नेपाल क्रिकेट सङ्घ (क्यान) ले भारतीय पूर्वमहिला क्रिकेटर देवीका पाल्शिकरलाई सल्लाहकार प्रशिक्षकमा नियुक्त गरेको छ । भारत र बङ्गालादेशको सहायक प्रशिक्षकका रूपमा काम गरिसक्नुभएकी उहाँलाई कन्सल्यान्ट प्रशिक्षकको रुपमा आज नियुक्त गरिएको क्यानले जनाएको छ ।

देविकाले गत सिजनको वुमन्स प्रिमियर लिगमा मुम्बई इन्डियन्स क्लबबाट ब्याटिङ प्रशिक्षकको भूमिका निर्वाह गर्नुभएको थियो । देविका सन् २०१४ देखि २०१६ सम्म भारतको सहायक प्रशिक्षक हुनुहुन्थयो । उहाँ २०१८ मा बङ्गलादेशको सहायक प्रशिक्षक बन्नुभएको थियो । मलेसियामा यही अगस्ट ३१ देखि सेप्टेम्बर ९ तारिखसम्म आयोजना हुने आइसिसी महिला टी-ट्वान्टी विश्वकप एसिया छनोट प्रतियोगितामा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । जस्मा नेपाल समूह ‘ए’ मा रहेको छ । नेपालको समूहमा आयोजक मलेसियासँगै बहराइन, भुटान संयुक्त अरब इमिरेट्स (युएई) र कतार रहेका छन् । त्यस्तै समूह ‘बी’ मा चीन, हङकङ, कुवेत, थाइल्यान्ड र म्यानमार छन् । प्रतियोगितामा हरेक समूहका शीर्ष दुई टोलीले सेमिफाइनल खेल्नेछन् । फाइनलमा पुग्ने दुई टोलीले ग्लोबल क्वालिफायर खेल्न पाउनेछन् । छनोट हुने नेपाली टोलीकी कप्तान रुविना क्षेत्रीसहित सीता रानामगर, ईन्दु बर्मा, अप्सरी बेगम, कविता कुँवर, कविता जोशी, अस्मिना कर्माचार्य, ईश्वरी विष्ट, कृतिका मरासिनी, बिन्दु रावल, नेरी थापा, काजोल श्रेष्ठ र सम्झना खड्का रहेका छन् । त्यसैगरी सरस्वती चौधरी, स्नेहा महरा, सृष्टि जैसी, कञ्चन श्रेष्ठ, रोमा थापा, सवनम राई, पूजा महतो, खुसी डङ्गोल, मनिषा चौधरी, ज्योति पाण्डे र रुबि पोडार रहेका छन् ।

# सदस्यलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

**प्रकाशित मिति : २०८०/०४/२२**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज एवं हर्जना व्याज समय भित्र नतिरी, नबुझाई यस संस्था सँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित जानकारी गराउँदा समेत आफुले बुझाउनु पर्ने पुरा रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण सावा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## तपसिल

| ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानीको फोटो | जमानीको विवरण |
|---|---|---|---|
|  | १. **नामः** अनिता सुवेदी (आचार्य)<br>**जन्म मितिः** २०५१/०४/०६, **वर्षः** २९<br>**ना.प्र.नं.**: ४६१०११/३७३<br>**जारी मितिः**२०६७/०९/२३, जि.प्र.का. कास्की<br>**पतिः** टिकाराम आचार्य **ससुराः** पोख नारायण आचार्य<br>**ठेगानाः** साविक कास्की, पोखरा-२०<br>**हालः** पोखरा-०४, गणेश टोल |  | १. **नामः** टिकाराम आचार्य<br>**ना.प्र.नं.**: १०१४१७,<br>**जारी मितिः**२०५६/१२/०९, जि.प्र.का. कास्की<br>**पिता** : पोख नारायण आचार्य<br>**बाजेः** टिकाराम आचार्य<br>**ठेगानाः** साबिक भलाम-५, कास्की<br>**हाल** : पोखरा-०४, गणेश टोल |
| **धितो विवरण** : श्री अनिता सुवेदी (आचार्य) को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला रुपाकोट वडा नं ३ स्थित कित्ता नं ६४७३ को क्षेत्रफल ०-८-०-०/२५४.३७ वर्ग मि.जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण । | | | |
|  | १. **नामः** सविन कुमार बराल<br>**जन्म मितिः** २०५७/०७/०५, **वर्षः** २३<br>**ना.प्र.नं.**:४६-०१-७४-००७८४,<br>**जारी मितिः** २०७४/०२/०४<br>जि.प्र.का. कास्की<br>**बाबुः** खिमलाल बराल<br>**बाजेः** नन्दलाल बराल<br>**ठेगानाः** साविक पोखरा-२२, कास्की<br>**हाल** पोखरा-१७, छोरेपाटन |  | १. **नामः** विष्णुमाया पौडेल बराल<br>**ना.प्र.नं.**: ५३८९६,<br>**जारी मितिः** २०५४/०३/०१, जि.प्र.का. कास्की<br>**पतिः** खिमलाल बराल **ससुराः** नन्दलाल बराल<br>**ठेगानाः** साविक पुम्दिभुम्दी-२, कास्की<br>**हाल** पोखरा-१७, छोरेपाटन |
| | |  | २. **नामः** खिमलाल बराल<br>**ना.प्र.नं.**१४४२२४,<br>**जारी मितिः** २०६०/१०/१३, जि.प्र.का. कास्की<br>**बाबुः** नन्दलाल बराल **बाजेः** दुर्गादत्त बराल<br>**ठेगानाः** साविक पुम्दिभुम्दी-२, कास्की<br>**हाल** पोखरा-१७, छोरेपाटन |
| | |  | ३. **नामः** सन्देश बराल<br>**ना.प्र.नं.**: ४६-०१-७४-००७९३,<br>**जारी मितिः** २०७४/०२/०४, जि.प्र.का. कास्की<br>**बाबुः** खिमलाल बराल **बाजेः** नन्दलाल बराल<br>**ठेगानाः** साविक पोखरा-२२, कास्की<br>**हाल** पोखरा-१७, छोरेपाटन |
| **धितो विवरण** : श्री सविन कुमार बरालको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला कर्लुङ्ग गा.वि.स./न.पा. वडा नं ६ स्थित कित्ता नं २९३७, २९५८, २९५४ को कुल क्षेत्रफल १-१४-०-०/९५३.८० वर्ग मि. घर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण । श्री खिमलाल बरालको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला कर्लुङ्ग गा.वि.स./न.पा. वडा नं ६ स्थित कित्ता नं २९५९ को कुल क्षेत्रफल ०-८-०-१/२५६.३१ वर्ग मि. घर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण । श्री विष्णुमाया पौडेल बरालको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला कर्लुङ्ग गा.वि.स./न.पा. वडा नं ६ स्थित कित्ता नं २९५२, २९५६ को कुल क्षेत्रफल ०-८-२-०/२७०.२२ वर्ग मि. घर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण । श्री सन्देश बरालको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला कर्लुङ्ग गा.वि.स./न.पा. वडा नं ६ स्थित कित्ता नं २९५३ को कुल क्षेत्रफल ०-४-०-०/१२७.१६ वर्ग मि. घर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण । | | | |
|  | १. **नामः खिमलाल बराल**<br>**ना.प्र.नं.**: १४४२२४,<br>**जारी मितिः** २०६०/१०/१३, जि.प्र.का. कास्की<br>**बाबुः** नन्दलाल बराल **बाजेः** दुर्गादत्त बराल<br>**ठेगानाः** साविक पुम्दिभुम्दी-२, कास्की<br>**हाल** : पोखरा-१७, छोरेपाटन |  | १. **नामः** विष्णुमाया पौडेल बराल<br>**ना.प्र.नं.**: ५३८९६,<br>**जारी मितिः** २०५४/०३/०१, जि.प्र.का. कास्की<br>**पतिः** खिमलाल बराल **ससुराः** नन्दलाल बराल<br>**ठेगानाः** साविक पुम्दिभुम्दी-२, कास्की<br>**हाल** : पोखरा-१७, छोरेपाटन |
| **धितो विवरण** : श्री खिमलाल बरालको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला जामुने, वडा नं ८, स्थित कित्ता नं ४३, ४१ को क्षेत्रफल २-११-२-०/१३८३.१३ वर्ग मिटर र मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला मट्टीखान बडा नं २ स्थित कित्ता नं ३६९को क्षेत्रफल १-१०-०-०/८२६.६४ वर्ग मिटर जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण । | | | |

**नोटः यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्नु भएका अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्वारा ऋणको किस्ता एंव व्याज नियमित गर्नुहुन जानकारी गरिन्छ । अन्यथा कानुनी कारवाही प्रक्रिया अगाडी बढाईनेछ ।**

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा वडा नं. १३, कुँडहर, १३ नं. वडा कार्यालय अगाडि
फोन नं. ०६१-५८५७९५, ०६१-५८०५६७, ०६१-५७६९८८, Email : ccsccltd@gmail.com